प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३२५ ॥ २०८१ माघ ०६ गते आईतबार (19th Jan 2025 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

# पूर्व मुख्यमन्त्री तथा कांग्रेस नेता थापामाथि कुटपिट

झापा(प्रस) । पूर्व मुख्यमन्त्री तथा नेपाली कांग्रेस कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापामाथि शनिवार साँझ कुटपिट भएको छ । नेपाल प्रेस युनियन झापाले दोमुखामा आयोजना गरेको बार्षिक साधारण सभाबाट फर्किदै गर्दा साँझ करिव ६ बजे कन्काई नगरपालिकाको जुकेखाडी कल्भर्टनजिक उनीमाथि कुटपिट भएको हो । बा १ झ ६५३ नं को गाडीमा आउँदै गरेका थापामाथि बा १ ञ १८७० मा सवार विद्युत प्राधिकरण सुरुङ्गाका कर्मचारीहरुले कुटपिट गरेको बताइएको छ । कुटपिटबाट थापा घाइते भएका छन् । उनको देब्रे आँखा सुन्निएको छ । उनलाई उपचारका लागि बिर्तासिटी अस्पतालमा



भर्ना गरिएको छ । विद्युत प्राधिकरण सुरुङ्गाका कर्मचारी सवार गाडीलाई थापा चढेको गाडीले ओभरटेक गर्ने क्रममा विवाद भएको हो । भीआईपी सवार गाडीलाई प्राधिकरणको गाडीले साइड नदिँदा विवाद भएको बताइएको छ ।

कुटपिट गर्ने दुईजनालाई पक्राउ गरेको बिर्तामोड प्रहरीले जनाएको छ। पक्राउ पर्नेहरुमा प्राधिकरणका गाडी चालक शिवसताक्षी ११ का ४९ वर्षीय भक्तबहादुर कटवाल र कन्काई ३ का ४२ वर्षीय पृथ्वी श्रेष्ठ रहेका छन् ।

# जंगली हात्तीको आक्रमणबाट बृद्धको मृत्यु



झापा(प्रस) । जंगली हात्तीको आक्रमणबाट मोरङको सुन्दरहरैचामा एक बृद्धको मृत्यु भएको छ।

शनिवार बिहानको राति सुन्दरहरैचा नगरपालिका- ८ भृकुटी टोल बस्ने ७३ वर्षीय हरिप्रसाद घिमिरे घरबाट बाहिर निस्केको अवस्थामा घरदेखि १५ मिटर उत्तरपश्चिममा जंगली हात्तीले आक्रमण गरेको थियो । उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। आक्रमण गरी हात्ती जंगलतर्फ भागेको छ ।प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको र मृतकका छोरा विदेशमा भएका कारण शव पोस्टमार्टमको लागि कोशी अस्पतालमा लगिएको जनाइएको छ।

# कन्काई माईमा विद्युतीय शवदाह गृह निर्माण हुँदै



झापा(प्रस) । झापाको कन्काई माईमा विद्युतीय शवदाह गृह निर्माण हुने भएको छ ।

कोशी प्रदेश सरकारको खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालयको करिव दुई करोड रुपैयाँको बजेटमा विद्युतीय शवदाह गृह बन्ने भएको हो । विद्युतीय शवदाह गृह निर्माण गर्नका लागि कोशी प्रदेशका खानेपानी, सिंचाई तथा ऊर्जामन्त्री एकराज कार्कीलगायतको टोलीले शनिवार ठाउँको अवलोकन गरेका छन् । कन्काई पुलको छेउमा रहेको घाटलाई विद्युतीय शवदाह गृह बनाइने भएको छ । कन्काई घाट संस्थाले दुईवटा घाट निर्माण गरेकोमा एउटा घाट विद्युतीय शवदाह गृह निर्माणका लागि दिने भएको हो । कन्काईको कोटीहोम क्षेत्रमा पाँचवटा घाट रहेका छन् ।

विद्युतीय शवदाह गृह निर्माणका लागि इन्टर ट्रेड नेपाल बिराटनगरले ठेक्का पाएको छ । निर्माण कम्पनीका प्रतिनिधि बैभव केडियाले दुई महिनाभित्र विद्युतीय शवदाह गृह निर्माण भइसक्ने जानकारी दिए । सो शवदाह गृहको सिभिल वर्कको काम कन्काई नगरपालिकाले गर्ने बताइएको छ ।

सो शवदाह गृह कन्काई नगरपालिकाद्वारा संचालन हुने भएको छ । विद्युतीय शवदाह गृह बनेपनि आर्थिक भारसंगै समयको पनि बचत हुने भएको छ। एकजनाको अन्त्येष्टि गरेवापत दुई हजारदेखि दुई हजार पाँचसय तिर्नुपर्ने भएको छ भने करिव ३५ मिनेटमा अन्त्येष्टि भइसक्ने छ । अहिले अन्त्येष्टि गर्दा घाट शुल्क र दाउरा गरी पाँच हजार पाँच सय रुपैयाँ खर्च गर्नुपर्ने हुन्छ ।

# बिर्तामोडबासीले नपत्याएपछि रिसाए दुर्गा प्रसाई

बिर्तामोड(प्रस) । बिर्तामोडबासीहरुले नपत्याएर कार्यक्रममा नआएपछि बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाईं आक्रोशित भएका छन् । करिब डेढ महिनाको हिरासत बसाइँपछि घर फर्किएका राष्ट्र ,राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजकसमेत रहेका प्रसाईंको स्वागत सम्मानमा



शनिवार बिर्तामोडमा आयोजित कार्यक्रममा बिर्तामोडबासीहरुको खासै उपस्थिति थिएन ।

उनले जिल्ला बाहिरबाट सहभागी ल्याएर कार्यक्रम गरेका थिए । बिर्तामोडबासीहरुप्रति अत्यन्त आक्रोशित देखिएका प्रसाईंले भने,' म मरे भने मलामी पनि नआउनु ।' उनले बिर्तामोडका मानिसहरुलाई जिउँदो लाशको संज्ञा दिँदै आफ्नो अभियानलाई साथ नदिएकोमा आक्रोश व्यक्त गरेका हुन् । 'कैलाली , रौतहट , रुपन्देहीलगायतका जिल्लाका मानिसहरु जागिसके ' उनले भने, ' बिर्तामोडका मानिसहरु सुतिरहेका छन् । ' डेढ महिना हिरासतमा बस्दा बिर्तामोडको याद आएको बताउँदै उनले आफू यहाँ आउँदा सुरक्षित र भावुक बनेको धारणा राखे । बीएण्डसी अस्पताल खोल्न लाग्दा खिल्ली उडाएको बिर्तामोडको समाजले अहिले पनि नपत्याएको उनको गुनासो थियो ।' यहाँको समाजले मलाई देखेर हाँस्न छाडेको छैन, पत्याउँदै पत्याएन' उनले भने,' यो कुरा बुझ्नुस् १८ प्रतिशत बैंकको व्याजदर मेरै कारणले ७ प्रतिशतमा झरेको हो । '

बीएण्डसी मेडिकल कलेज भर्खरै संचालन गरेका प्रसाईंले आफूले बिर्तामोडमा हिन्दु विश्वविद्यालय खोल्न लागेको जानकारी दिए । उनले नेपाल हिन्दु विश्वविद्यालय दर्ता गर्न जाँदा हिन्दु भन्ने शव्दलाई सरकारले ब्लाकलिस्टमा राखेर दर्ता नदिएपछि सर्वोच्च अदालतमा गएको जानकारी दिए । उनले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी वा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई बोलाएर सो विश्वविद्यालयको भूमिपूजन गर्ने बताए । प्रसाईंले बीएण्डसी अस्पताल आफू बाँचुन्जेल लिलाम नहुने बताए ।

अधिवक्ता स्वागत नेपालले संसदीय ब्यवस्था खारेज गर्नुपर्ने बताए । आज एउटासँग र भोलि अर्कोसँग मिलेर सरकार बनाउने काम भएकोले अबको दिनमा झापाबाटै ब्यवस्था र भ्रष्टाचारका बिरुद्ध बिद्रोहको सुरुवात हुने उनले चेतावनी दिए ।कार्यक्रममा प्रेमदीप लिम्बू, संगठन बिभाग प्रमुख प्रेम थापा मगरलगायतले बोलेका थिए ।

# लेडी जेसीजको प्रि–ईन्डक्सन एण्ड लोम अफिसर्स ट्रेनिङ



बिर्तामोड(प्रस) । वीरता लेडी जेसीज बिर्तामोडको आयोजनामा प्रि-ईन्डक्सन एण्ड लोम अफिसर्स ट्रेनिङ शनिवार सम्पन्न भएको छ ।

वीरता लेडी जेसीजका अध्यक्ष निशा शाक्यको अध्यक्षता तथा वीरता लेडी जेसीजका मातृशाखा वीरता जेसीज सन् २००३ का अध्यक्ष साथै सन् २००४ का राष्ट्रिय उपाध्यक्ष शिव अग्रवालको प्रमुख आतिथ्यमा वीरता लेडी जेसीजको सचिवालयमा कार्यक्रम भएको हो । तालिममा एम टट ग्राजुएट मेनुका ओलीले प्रशिक्षण दिएकी थिइन् । कार्यक्रममा विशिष्ट अतिथि नेपाल उद्यमशील महिला संघ झापाका अध्यक्ष पार्वता खरेल बिमली , वीरता लेडी जेसीज सन् २०२३ का अध्यक्ष संगिता गिरीले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रम संयोजक वीरता लेडी जेसीजका कोषाध्यक्ष कविता ओलीले स्वागत गरेको कार्यक्रममा सह-सचिव दिक्षा कडरियाले आस्था र जनसम्पर्क अधिकारी पारु श्रेष्ठले मिसन भिजन वाचन गरेका थिए । कार्यक्रममाथि निवर्तमान अध्यक्ष मेनुका ओलीले प्रकाश पारेको कार्यक्रमको संचालन महासचिव प्रभा रायमाझीले गरेकी थिईन्।

# अवैध मदिरासहित सुन्दरहरैचाका प्रसाई पक्राउ

झापा(प्रस) । भन्सार छलेर भित्र्याएको अवैध मदिरासहित एकजना पक्राउ परेका छन् । शुक्रवार साँझ ६.३० बजे मेचीनगरको चारआली चोकमा विभिन्न सवारी साधनहरुलाई चेकजाँच गर्ने क्रममा भारतबाट अवैध रुपमा भन्सार छलेर ल्याउँदै गरेको ओल्ड मन्क १६८ पिस र सिक्किम २००० लेखिएको ७२ पिस गरी जम्मा २ लाख ४० हजार मूल्य बराबरको मदिरासहित मोरङ सुन्दरहरैचा नगरपालिका वडा नं.८ बस्ने ४० वर्षीय शंकरप्रसाद प्रसाईलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै शुक्रवार राति मेचीनगर नगरपालिका वडा नं.६ हनुमान मन्दिरमा अबैध रुपमा ल्याएर राखेको अन्दाजी १ लाख २ हजार ५०० मूल्य बराबरको उपभोग्य सामानहरु बेवारिसे अवस्थामा फेला परेको छ । ती सामान बरामद गरी आवश्यक कारवाहीको लागि मेची भन्सार कार्यालय काँकरभिट्टामा बुझाउने तयारी भइरहेको डीएसपी कृष्णकुमार चन्दले बताए ।

# प्रेस युनियनको साधारण सभा दोमुखामा





झापा( प्रस) । नेपाल प्रेस युनियन झापाले बार्षिक साधारण सभा सम्पन्न गरेको छ । प्रेस युनियनले शनिवार झापाको पर्यटकीय क्षेत्र दोमुखामा वनभोजसहित बार्षिक साधारणसभा सम्पन्न गरेको हो । नेपाल प्रेस युनियन झापाका सभापति गिरीराज भट्टराईको सभापतित्वमा भएको कार्यक्रममा नेपाली कांग्रेसका कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापाको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि थापा, नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवे, कांग्रेस उपसभापति केशवराज पाण्डे, सचिव नबिन बिमली, प्रेस युनियनका केन्द्रीय महासचिव दिलिप पौडेल, प्रेस काउन्सिलका सदस्य गणेश पोखरेल, नेपाल पत्रकार महासंघ कोशी प्रदेशकी उपाध्यक्ष अम्बिका भण्डारीलगायतले शुभकामना मन्तव्य राखेका थिए। सोही कार्यक्रमकाबिच नेपाल पत्रकार महासंघ केन्द्र, प्रदेश र झापा जिल्लामा बिभिन्न पदमा निर्वाचित पदाधिकारी तथा सदस्यलाई सम्मान गरिएको थियो । साथै प्रेस युनियनमा प्रवेश गर्ने चार जनालाई स्वागत गरिएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, उपाध्यक्ष सुव्रत न्यौपाने, प्रेस सेन्टर झापाका अध्यक्ष पुष्प खड्का, प्रेस चौतारी झापाका अध्यक्ष मनकुमार गदाल, समाजवादी प्रेस संगठन झापाका अध्यक्ष शम्भुजीत दाहाल, महासंघका पूर्व अध्यक्षहरु, पत्रकार महासंघका सदस्यहरुलगायतको उपस्थिति रहेको थियो ।

नेपाल प्रेस युनियन झापाका सदस्य देबेन्द्र प्रसाईले स्वागत गरेको कार्यक्रमको सञ्चालन प्रेस युनियन झापाका सचिव अर्जुन राजवंशीले गरेका थिए ।

# कालिका नेपालको अध्यक्षमा मनोज घिमिरे

झापा(प्रस) । कालिका नेपाल बिर्तामोडको नवौं साधारण सभा पाँचौं अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले आगामी दुई वर्षको लागि नयाँ कार्यसमिति चयन गरेको छ । मनोज घिमिरे अध्यक्ष रहेको ११ सदस्यीय कार्यसमिति सर्वसम्मत रुपमा चयन गरिएको संस्थाका संस्थापक अध्यक्ष तुलसीराम खरेलले जानकारी दिए । नवनिर्वाचित समितिको उपाध्यक्षमा कृष्णप्रसाद खनाल, सचिवमा रामकुमार नेपाल, सहसचिवमा कृष्ण अधिकारी, कोषाध्यक्षमा शिला खरेल तथा सदस्यहरूमा खिवलाल अधिकारी, दीपक अर्जेल, पुण्यप्रसाद अर्याल, चन्द्र अधिकारी, सुनिता भट्टराई कार्की र मोहन सिटौला रहेका छन्।

साधारण सभामा अध्यक्षको प्रतिवेदन जया अधिकारी खनाल तथा कोषाध्यक्षको प्रतिवेदन देवका अधिकारीले प्रस्तुत गरेका थिए।



निर्वाचन समिति संयोजक गोविन्द कार्की रहेको कार्यक्रमको सञ्चालन सचिव रामकुमार नेपालले गरेका थिए। कालिका नेपाल २०७३ सालमा बिर्तामोड नगरपालिकामा स्थापना भएको हो ।

जिल्ला प्रशासन कार्यालय झापा , समाज कल्याण परिषद् काठमाडौं तथा गैरसरकारी संस्था महासंघ झापामा दर्ता भएर संस्थाले कोशी प्रदेशभरि नै आफ्नो कार्यक्षेत्र बनाएको छ ।

संस्थाले विभिन्न सामाजिक गतिविधिहरू गर्दै आएको छ। रक्तदान, महिला सशक्तिकरण,बालबालिकासँग सम्बन्धित कार्यहरू, जेष्ठ नागरिक सम्मान, लागूपदार्थ दुर्व्यसनविरुद्धका सचेतनाका कार्यक्रमहरू गर्दै आएको संस्थापक सदस्यसमेत रहेका पूर्व अध्यक्ष भक्तबहादुर कार्कीले जानकारी दिएका छन् ।

# जनकपुर धाममा एक लाख दीप प्रज्वलन



जनकपुर(प्रस)। मधेस प्रदेश सरकारद्वारा शनिवार साँझ बलिदानी दिवसको अवसर पारेरजनकपुर धाममा एक लाख दीप प्रज्वलन गरिएको हो ।

आयोजित दीप प्रज्वलन कार्यक्रममा मधेस प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखी सहभागी थिए । सो अवसरमा बोल्दै लेखीले माघ ५ गते बलिदानी दिवसको अवसरमा विभिन्न कार्यक्रम आयोजना गरेको र शनिवार एक लाख दीप प्रज्वलन गरेको बताए । उनले वीर शहीद योद्धाहरुप्रति सम्मान व्यक्त गर्न दीप प्रज्वलनको कार्यक्रम आयोजना गरिएको बताए ।

यसैगरी, मधेस प्रदेश सरकारले शहीद परिवारका सदस्यहरुलाई सम्मान गरेको छ । मधेस प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्रालय अन्तर्गत रहेको मधेसी शहीद प्रतिष्ठानले बलिदानी दिवसको अवसरमा आयोजना गर्दै शहीद परिवारलाई सम्मान गरेको हो ।

सो अवसरमा बोल्दै मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले शहीद परिवारको सम्मानमा प्रदेश सरकारले कुनै कमी नराख्ने बताए । उनले मधेसलाई अधिकार सम्पन्न बनाउन अझै संघर्षको आवश्यकता रहेको बताए । शहीद परिवारका सम्पूर्ण सदस्यको बिमा गर्ने कार्यक्रम शुरु गरेको बताए । कार्यक्रममा शहीद परिवारका सदस्य तथा जिउँदो शहीदहरुलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

# महाकुम्भमा एकैदिन २५ लाखभन्दा बढी तीर्थयात्री

एजेन्सी । भारतको प्रयागराज शहरमा चलिरहेको महाकुम्भको छैटौं दिन बेलुका ४ बजेसम्म २५ लाखभन्दा बढी तीर्थयात्रीहरूले भ्रमण गरेका छन् ।

महाकुम्भको छैटौं दिन त्रिवेणी सङ्गममा १० लाखभन्दा बढी कल्पवासी र ३५ लाख भक्तजनले स्नान गरेको तथ्याङ्क छ ।जनवरी १७ शुक्रबारसम्मको तथ्याङ्कअनुसार हालसम्म ७३ लाखभन्दा बढी तीर्थयात्रीले महाकुम्भ मेलामा दर्शन गरेका छन् ।



यसैबीच, रक्षामन्त्री राजनाथ सिंहले चलिरहेको महाकुम्भलाई भारतीय संस्कृति र सनातन धर्मको आध्यात्मिक अनुभवको पर्व बताए ।

प्रयागराजमा चलिरहेको महाकुम्भको छैटौं दिन त्रिवेणी सङ्गममा स्नान गरेपछि राजनाथ सिंहले भने,"मलाई भगवानले यो अवसर दिनुभएकोमा म आफ्नो सौभाग्य ठान्छु । आज सङ्गममा स्नान गरेपछि म धेरै सन्तुष्ट महसुस गरेको छु ।"

"यो पर्व भारतीय संस्कृति र सनातन धर्मको आध्यात्मिक अनुभवको पर्व हो, जुन प्राचीन वैदिक खगोलीय घटनामा आधारित छ । "

शीर्ष भाजपा नेताले उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई विश्वको सबैभन्दा ठूलो सार्वजनिक जमघट आयोजना गरेकोमा बधाई पनि दिए ।

"उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले विश्वको सबैभन्दा ठूलो सार्वजनिक जमघटलाई कुशलतापूर्वक सञ्चालन गर्ने तरिकाका लागि बधाईको हकदार छन् । म उहाँलाई यसका लागि हृदयदेखि बधाई दिन्छु," उनले बताए ।

सिंहले स्नान गरेपछि पवित्र गङ्गा, यमुना र सरस्वती नदीको सङ्गममा पूजापाठ गरे । रक्षामन्त्रीसँगै भारतीय जनता पार्टी (भाजपा)का सांसद सुधांशु त्रिवेदीलगायत पार्टीका अन्य नेताहरु पनि थिए ।

१३ जनवरीबाट सुरु भएको महाकुम्भ फेब्रुअरी २६ मा समापन हुनेछ ।






# इरानमा गोली हानी दुई न्यायाधीशको हत्या



एजेन्सी । इरानको सर्वोच्च अदालतका दुई प्रमुख कट्टरपन्थी न्यायाधीशहरूको शनिबार गोली हानी हत्या गरिएको छ। मारिनेमा मोहम्मद मोगिसेह र होजातोलेस्लाम अली रजिनी छन् ।

दुवै न्यायाधीशहरू सन् १९९८ मा राजनीतिक बन्दीहरूको सामूहिक मृत्युदण्डको मुद्दामा संलग्न थिए । न्यायाधीशहरूलाई गोली प्रहार गरेसँगै आक्रमणकारीले आत्महत्या गरेको इरानी सरकारी सञ्चारमाध्यम इर्नाले जनाएको छ। यो इरानी वरिष्ठ अधिकारीहरूमाथि भएको दुर्लभ आक्रमण हो ।

आईआरजीसी-सम्बद्ध फार्स न्यूजका अनुसार आक्रमणकारीले ह्यान्डगन प्रयोग गरेका थिए । आक्रमणमा एकजना न्यायाधीशका अंगरक्षक घाइते भएका छन् । आक्रमणकारी इरानी सर्वोच्च अदालतमा कर्मचारी भएको जनाइएको छ । तर, न्यायिक मिडिया सेन्टरले आक्रमणकारी बाहिरबाट अदालत परिसरमा छिरेको जनाएको छ । तर इरानी सर्वोच्च अदालतमा निकै कडा सुरक्षा हुने गर्छ ।

'प्रारम्भिक अनुसन्धानमा आक्रमणकारीको सर्वोच्च अदालतमा मुद्दा भएको देखिएको छैन । न त उनी अदालतका कुनै शाखाका ग्राहक नै थिए,' न्यायपालिकाको मिजान समाचार एजेन्सीले जनाएको छ, 'यस आतंकवादी कार्यका दोषीहरूलाई पहिचान गर्न र पक्राउ गर्न अनुसन्धान सुरू गरिएको छ ।'

इरानको न्यायपालिकाका प्रवक्ता असगर जहांगिरले इरानी सरकारी टेलिभिजनसँग गोली हान्ने व्यक्तिले न्यायपालिकामा 'घुसपैठ गरेको' बताए । उनका अनुसार आक्रमणकारीले न्यायाधीशको हत्या गरिएको अदालतमा काम गरेका थिए ।

इरानी सर्वोच्च अदालतका धेरै शाखाहरू देशभर फैलिएका छन् । यसले तल्लो अदालतले गरेका निर्णयको पुनरावेदन गर्ने गर्छ । रजिनीलाई यसअघि पनि निशाना बनाइएको थियो । मोटरसाइकलमा सवार आक्रमणकारीहरूले सन् १९९९ जनवरीमा गाडीमा विस्फोटक पदार्थ प्रहार गरेपछि उनी घाइते भएका थिए ।

सन् २००५ अगस्टमा मसुद मोकादसीको तेहरानमा गोली हानेर हत्या गरिएको थियो । त्यतिबेला उनले एक प्रभावशाली पत्रकारको मुद्दा हेरिरहेका थिए ।

# विपन्न २०० परिवारलाई न्यानो कपडा

इनरुवा(प्रस) । सुनसरीको गढी गाउँपालिका वडा २ का विपन्न तथा सुकुम्बासी २०० परिवारलाई न्यानो कपडा वितरण गरिएको छ ।

गढी २ औरवानी पश्चिम टोल र गढी टोलका विपन्न परिवारलाई न्यानो कपडा (फाइवर सिरक) वितरण गरेको ग्रामीण महिला विकास उत्सुकता मञ्च (फरवार्ड) सुनसरीले जनाएको छ । पछिल्लो केही दिनदेखि तराई-मधेशमा चलेको शीतलहरसँगै बढेको चिसो र अत्यधिक जाडोलाई मध्यनजर गरी मेट लाइफ इन्सुरेन्सको सहयोगमा ग्रामीण महिला विकास उत्सुकता मञ्च (फरवार्ड) ले सुनसरीका २०० परिवारलाई न्यानो कपडा वितरण गरेको हो ।

फरवार्डले आयोजना गरेको कार्यक्रमको संयोजन फरवार्ड माइक्रो फाइनान्स लघुवित्त वित्तीय संस्थाले गरेको थियो । कार्यक्रममा प्रमुख अथिति पूर्वमन्त्री भगवती चौधरीले विपन्न परिवारका सदस्यलाई न्यानो कपडा वितरण गरे ।


# झापा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

टाघनडुब्बा, झापा, कोशी प्रदेश, नेपाल

प्रकाशित मिति–२०८१/१०/०३

## साइकल वितरण सम्बन्धमा

प्रस्तुत विषयमा झापा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१–०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार शैक्षिक सत्र २०८१ मा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुलाई साइकल वितरण कार्यक्रम तपसिल अनुसार हुने भएकाले सम्बन्धित विद्यार्थीहरु (शैक्षिक सत्र २०८१ म कक्षा ९ मा अध्ययन गरिरहेका तर सोही वर्षमा कक्षा नदोहोरिएका), निजका अभिभावकहरु र विद्यालय व्यवस्थापन समितिका सम्पूर्ण पदाधिकारीहरु समेतलाई उपस्थितिका लागि अनुरोधसहित माथि उल्लेख भए बमोजिमका विद्यार्थीहरुको नामावली विवरण मिति २०८१ /१०/०९ गते बुधवारसम्ममा तयार गरी सो को हार्डकपी तथा सफ्टकपी शिक्षा शाखामा बुझाउनुहुन यसै सूचनामार्फत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

तपसिल:

मिति:२०८१/१०/११ गते शुक्रवार

स्थान: झापा गाउँपालिकाको कार्यालय

समय: बिहान १०:३० बजेदेखि

**गजेन्द्र थपलिया**

**प्रमुख प्रशासकीय अधिकृत**


# मेचीनगरमा लागूऔषध नियन्त्रणसम्बन्धी र्‍याली

झापा(प्रस)। मेचीनगरमा लागूऔषध नियन्त्रणसम्बन्धी जनचेतनामुलक सडक र्‍याली निकालिएको छ ।

मेची चेम्बर अफ कमर्स , इलाका प्रहरी कार्यालय धुलाबारी र सामुदायिक प्रहरी सेवाकेन्द्र धुलाबारीको संयुक्त आयोजनामा सो र्‍याली निकालिएको हो । मेची चेम्बर अफ कमर्सका अध्यक्ष रबिनकुमार बस्नेत र इलाका प्रहरी कार्यालय धुलाबारीका कार्यालय प्रमुख पाण्डवकुमार राजवंशीको अगुवाईमा निकालिएको र्‍याली मेचीनगर-१० धुलाबारी चोक ,पूर्व बस स्टेन्डको उत्तरतर्फ कोलेनिका हुँदै धुलाबारी चोक परिक्रमा गरी सोही स्थानमा कोणसभामा परिणत भएको थियो ।

दोस्रो मेची महोत्सव तथा कृषि मेलाका प्रमुख अतिथि प्रतिनिधि सभाका उपसभामुख इन्दिरा राणा मगर , रोङ गाउँपालिका इलामका अध्यक्ष मनिकुमार स्याङ्वो र चेम्बर अफ कमर्सका केन्द्रीय सदस्य तथा झापा जिल्लाका अध्यक्ष ओमकृष्ण बिमली , मेचीनगर १० का वडा अध्यक्ष नारायण खनाल,




प्रहरी निरीक्षक पाण्डवकुमार राजवंशीलगायत प्रहरी, कर्मचारी, पत्रकार ,बिभिन्न विद्यालयका शिक्षक,शिक्षिका,विद्यार्थीहरु तथा बिभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागितामा लागूऔषध नियन्त्रणसम्बन्धी जनचेतनामुलक कार्यक्रम सम्पन्न भएको जनाइएको छ ।

# दोस्रो मेची महोत्सव धुलाबारीमा शुरु

झापा(प्रस)। झापाको धुलाबारीमा दोस्रो मेची महोत्सव शुरु भएको छ ।

मेची चेम्वर अफ कमर्स मेचीनगरले आयोजना गरेको महोत्सवको




प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगरले उद्घाटन गरेकी छन् । उनले यस किसिमको महोत्सवले स्थानीय उत्पादनलाई बजारीकरणमा टेवा पुग्ने बताइन् ।

मेचीनगर क्षेत्रका कृषिउपज र उद्योगीहरुले उत्पादन गरेका सामग्रीको बजारीकरणका साथै स्थानीय पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि शुरु भएको महोत्सव माघ १२ गतेसम्म चल्नेछ । महोत्सवमा ३६ वटा स्टल छन् भने महोत्सव अवधिभर स्वास्थ्य शिविर, कृषि उपजको प्रदर्शनी तथा बिक्री, विभिन्न जातजातिको झाँकी प्रस्तुति, गीतसंगीत क्षेत्रका ख्यातिप्राप्त कलाकारहरुको प्रस्तुति, खेलकुद र मेचीनगरका पर्यटकीय क्षेत्रको प्रवर्द्धन कार्यक्रम समेत राखिएको छ ।

चेम्बर अफ कमर्सका झापा जिल्ला अध्यक्ष ओमकृष्ण बिमली, रोङ गाउँपालिकाका अध्यक्ष मनिकुमार स्याङ्बो (सुवास), मेचीनगर-१० का वडा अध्यक्ष नारायण खनाललगायतले शुभकामना मन्तव्य राखेका थिए । चेम्बर अफ कमर्स मेचीनगरका अध्यक्ष रविन बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव प्रकाश खड्का र स्वागत उपाध्यक्ष शान्तिराम चिमरियाले गरेका थिए ।






नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## पोखरी र विद्रोह!

• प्रकाशचन्द्र खतिवडा



आज मलाई
म आफै
कुम्भकर्ण जस्तो लागेको छ।

कता कति दुर्गन्ध आउँछ
पराजित जिन्दगीका युद्धहरूसँगै
पड्किएर फैलिएको
बारुदको धुवाँ जस्तो।


अहो! थुप्रै सुतिएछ
पोखरीमा लेउ पलाउन्जेल
ए मान्छेहरू हो!
मलाई जवाफ देऊ
पोखरी शान्त छ किन?
माछाहरू सलबलाउँदैनन् किन?
भ्यागुताहरू कराउँदैनन् किन?
पिलपिलाउँदैनन् पोखरीको डिल डिलमा
जुनकिरीहरू पनि किन?
न त माछाहरू नै पौडेको देख्न पाइयो
न त भ्यागुताहरू नै उफ्रेको देख्न पाइयो
न त जुनकिरीहरू नै पिलपिलाएको देख्न पाइयो
यो कस्तो सन्नाटा हो?
आफैलाई मन भित्र गुम्स्याएर
लम्पसार, लम्पसार
गोली लागि
सिकारीको पन्जाभित्र
निरीह अवस्थामा छटपटाउँदै गरेको
घायल मृग जस्तो।

ए बाँच्न नजान्ने
जिन्दगीको परिभाषा बुझ्दै नबुझ्ने
कथित मनहरू हो
टोलाएर पोखरी मात्रै हेर्छौ किन?
हाँसेदेखि मज्जा आउँथ्यो बरु
खित्का छोडेर हाँस
सन्नाटा चिर्ने गरी।
माछाहरू छैनन्
भ्यागुताहरू छैनन्
छैनन् जुनकिरीहरू पनि
लेउले छोपी सक्यो पोखरी
लेउ पन्छाउनु पर्ने
लगाऊ बल
खियाऊ हातका दश नङ्गाहरू।

मलाई नजिस्काऊ अपमानित गरेर
म प्रतिवाद गर्छु
म त उज्यालो खोज्ने मान्छे
म युद्ध जित्न चाहन्छु
कुम्भकर्ण जस्तो नहोस् जिन्दगी
मैले माछाहरू खोज्नै पर्छ
मैले भ्यागुताहरू खोज्नै पर्छ
मैले जुनकिरीहरू खोज्नै पर्छ
गँगटाहरू सावधान!
पोखरी
मैले तिमीसँग विद्रोह गर्नै पर्छ।

गजल

## मिल्ने भए



विक्रम खत्री

धुवाँ जस्तै उडेर हराउने याद भएको भए
म आफै नै धुवाँ बन्न यहाँ जल्ने थिएँ ।

फुलेको फूल जस्तै जीवन यदि हो भने
नओलाउने फूल बनी तिम्रो बगैंचामा फुल्ने थिएँ ।

शायद भाग्यले मसँग लुकामारी खेलेछ
मिल्ने भए तिमीलाई पाउन ठूलो भाग्य किन्नेथिएँ ।

तिम्रो र मेरो सम्बन्ध सिन्दुर पोतेले टुटायो
मिल्ने भए सम्बन्ध जोड्न धेरै सिन्दुर पोते साँच्ने थिएँ

बियाँलो गरेछु तिमीलाई मेरो कुराहरु भन्न
मनका कुरा भन्नलाई चाँजोपाँजो मिलाउँदै थिएँ ।

# अन्तिम भेट !



ङ्ग अनामिका रिजाल

हिउँदको बिहान। चिसो हावाको सुस्केराले मेरो अनुहारमा हल्का छुँदै गएको थियो। सहर अझै निदाएकै थियो। मैतीदेवीको चौतारामा म एक्लै उभिएँ।

कुहिराले पूरै चौतारो ढाकेको थियो, मानौँ चारैतिर एउटा रहस्यमय पर्दा तन्किएको होस्। मन भारी थियो, हातमा पुरानो खैरो झोला, झोलाभित्र केही कपडाहरू, केही पुराना चिठीहरू र केही अधुरा सपनाहरू।

आज अन्तिम भेट थियो।

सधैँ जसो व्यस्त देखिने यस चौतारामा अचम्मको शून्यता थियो। कुनै आवाज थिएन, केवल चिसो हावाको सुस्केरा, कुहिराको हलचल र टाढा कतै चराहरूको हल्का चिरबिर। त्यस चिसो मौनताले मेरो मनलाई झनै गहिरो बनाएर समेटिरहेको थियो। हरेक पल लामो, झन् गहिरो, झन् असहज।

घडी हेरेँ। उनलाई पर्खेको करिब आधा घण्टा हुन लागिसकेको रहेछ। उनी भने मेरा आँखाले भ्याउने टाढा क्षितिजसम्म पनि कतै देखा परेकी थिइनन्।

आकाश बिस्तारै खैरोबाट निलो हुँदै थियो। यस्तो लाग्यो, समय क्रमशः खोलिँदै छ तर त्यसको गति निकै सुस्त थियो। छेउछाउका पसलहरू अझै खुलेका थिएनन्। चिया बेच्ने बुढा बाले टाढाबाट कुहिरो फुक्दै आफूलाई न्यानो बनाउन खोजिरहेका थिए। बाटामा हल्का चहलपहल सुरु भएजस्तो भयो तर मेरा लागि त्यहाँ केही पनि चलायमान थिएन। मैले हिजोको कुरा सम्झेँ। फोनमा उनको आवाजमा असहजता थियो।

'म तिमीलाई भोलि भेट्न चाहन्छु,' उनले भनेकी थिइन्। त्यो स्वर असामान्य थियो– न नजिक, न टाढा। त्यसैले मेरो रातभरि निद्रा खोसेको थियो।
त्यस बिहानीमा मैले उनीसँग बिताएका दिनहरूको फिल्म मनमा दोहोऱ्याएँ। पहिलो भेटको त्यो हिचकिचाहट, उनीसँगको पहिलो हाँसो र हाम्रा स-साना झगडाहरू। ती दिनहरू, ती क्षणहरू, ती कुराहरू– सबै अहिले सम्झनाहरू थिए।

कुहिरो झन् बाक्लिँदै थियो। त्यसै क्रममा उनी आइन्।

पुरानो खैरो कोट लगाएकी, निधारमा चिसाले बनाएको रातो छाया। उनका आँखा, अहो! ती आँखाहरूले कति कथा बोकेका थिए– प्रत्येक पलका, प्रत्येक भावनाका। उनका पाइलाको चाल मन्द थियो, मानौँ उनी मेरो नजिक सक्दो ढिलो पर्न खोजेकी छन्। म भने उनलाई आफूसामु नजिकबाट नियाल्न आतुर भइसकेको थिएँ।

'कति समय भयो, पर्खिरहेको?' उनले सोधिन्।

म थोरै मुस्कुराएँ। त्यो मुस्कुराहट कति कमजोर थियो, म मात्र जान्दथेँ। मैले भनेँ, 'धेरै होइन।'

मनको घडी भने कुदिसकेको थियो; उनका हरेक शब्द, प्रत्येक चालको प्रतीक्षा गर्दै। झुटो बोल्न कहिल्यै सहज लाग्दैन तर कहिलेकाहीँ सत्य बोल्न झनै गाह्रो हुन्छ।

हामी केही बेर मौन भयौँ। त्यो मौनतामा पनि धेरै कुरा गुन्जिरहेका थिए। हावा चलिरहेको थियो, उनको केशका केही तार तरङ्गिँदै मेरा अनुहारतिर आइरहेका थिए।

'म भोलि जाँदै छु,' उनले भनिन्। उनको स्वर शान्त थियो। तर मेरा लागि आँधी थियो। मैले गहिरो लामो सास तानेँ।

झोलाबाट एउटा पुरानो किताब निकालिन्। धुलो जमेको भए पनि उनको स्पर्शले त्यो अझै विशेष बनेको मलाई लाग्यो। त्यो किताब हेर्दै मलाई थमाइन्- 'यो तिमीलाई।'

'किन?' मैले झट्ट सोधेँ।

'कहिलेकाहीँ हामीले केही कुराहरू आफ्नो बनाउन छोड्नुपर्छ,' उनले सहजै भनिन्, 'म यो किताबसँग धेरै वर्षदेखि छु। अब यो तिमीलाई चाहिन्छ।'

मैले त्यो किताब पल्टाएँ। भित्रको एउटा पानामा हल्का मसीले लेखिएको थियो- ' माया कहिल्यै हराउँदैन, समयको रूप मात्र बदलिन्छ।'

उनलाई हेरेँ।

'के तिमी फेरि फर्कनेछौ?' आवाज सम्हाल्दै सोधेँ।

उनी हल्का मुस्काइन्।

'कहिलेकाहीँ बाटाहरू केवल अगाडि जान्छन्, फर्कन पाउन्नन्,' उनले भनिन्, 'तर सम्झना हामीसँगै रहन्छ।'

मैले बुझ्न त खोजेँ तर मनले मानेन। त्यो मुस्कान हेरेरै उनी मबाट टाढा भइसकेको महसुस भयो। उनी कुनै सपना जस्तो लाग्थिन्– मन परे पनि सधैँका लागि आफ्नो बनाउन नपाइने सपना।

त्यही बेला उनको फोन बज्यो। उनीले एकछिन चुपचाप फोनमा हेरिरहिन्। केही बोलिनन्। मैले केही बुझ्न सकिनँ। उनले फोन राखिन्, गहिरो सास तानिन् र अचानक भन्न थालिन्- 'म यो निर्णय गर्न बाध्य छु। मेरो संसार अहिले फरक छ।'

मैले उनलाई थप प्रश्न गर्न खोजेँ। उनका आँखा र स्वरले रोकिदिए।

हामी केही समय त्यहीँ वरिपरि हिँड्यौँ। सँगै हिँड्दा मैले बिर्सेँ कि म एक्लै हुन जाँदै छु। बाटामा पसलहरू खुलेका थिए, मान्छेहरू व्यस्त देखिन्थे। एउटा सानो कुकुर हाम्रा नजिक आएर खेल्न थाल्यो। उनी रमाउँदै कुकुरलाई माया गर्न थालिन्। त्यसै बेला मनमा लाग्यो- 'उनलाई जति माया अरू कसलाई गर्न सकुँला र!'

'म तिमीलाई छोड्न सक्दिनँ,' अन्ततः मैले भनेँ।

'समयसँगै म फेरि फिर्ता आउने आशा गर। तर अहिलेका लागि यो बिदाइ हो। यसमा कुनै गुनासो नगर। हाम्रो यात्रा यहीँ रोकिनु पर्ने रहेछ,' उनले बिस्तारै भनिन्।

म केही बोल्न खोजेँ। शब्दहरू मुखमै रोकिए।

उनी टाढा जान लागिन्। उनका पाइला कुहिरोमा हराउँदै थिए। मेरा शब्दहरू पनि उनीसँगै हराए।

उनको अन्तिम मुस्कान अझै मनभरि छ। त्यो कुनै साधारण बिहान थिएन। त्यससँगै मैले केवल एउटा किताब मात्र पाएको थिइनँ, एउटा अध्याय पनि बन्द गरेको थिएँ।

त्यस चौतारामा उभिँदा मलाई अनुभूत भयो- जीवनमा हरेक व्यक्ति, हरेक क्षणले केही न केही सिकाएर जान्छन्। जीवनका अत्यधिक कुरा बिर्सनका लागि मात्र हुन्छन्, सम्झने कुरा सीमित छन्। उनी मेरो त्यही सीमित स्मृति हुन्। उनको सम्झनाले नै अब मलाई हरेक बिहान नयाँ सुरुवात गर्न प्रेरित गर्नेछ।

उनी मेरो जीवनको यस्तो पात्र बनिन् जो मलाई माया, बिदाइ र स्वीकारको गहिरो अर्थ सिकाएर गइन्।

त्यसै क्षणमा बुझेँ- 'गन्तव्यभन्दा यात्रा नै महत्त्वपूर्ण हो। यात्रा अविराम चलिरहन्छ र जीवनको हरेक बिदाइ नयाँ यात्राको सुरुवात बन्छ।'

# 'बुहारीलाई छोरी जस्तै मानेर हेरे भइहाल्यो नि!'



• सुदिप चापागाईं

आज बलवीरको छोरा राकेशको २५ औं वर्षको जन्मोत्सव धूमधामसँग मनाउने तयारी छ। उसकी आमा सुनिधिलाई बिहानैबाट पाहुनाहरूलाई स्वागत गर्न भ्याई नभ्याई छ। बलवीरका साथी, राकेशका साथी उनका आफ्नै पनि लोक सेवामा लामो समयदेखि सँगै काम गरेका साथी लगायतको उपस्थितिले माहौल भिडभाडसँगै रमाइलो गराएको थियो।

राकेश केक काट्नलाई जानुपूर्व आफ्नै रुममा तयार हुँदै थियो। बलवीर छोराको कोठामा छिर्छन् र एकछिन छोरालाई नियाल्छन्।

'वान्स अगेन ह्याप्पी बर्थडे बाबु।'

'थ्याङ्क यु बाबा।'

'हेर्दा हेर्दै कति ठुलो भइसक्यौ है। अब त बिहे गर्ने बेला हुन लागेछ,' बलवीर जिस्किन्छन्।

'बाबालाई नातिनातिना हेर्न मन लाग्यो क्या हो?' राकेशले मुस्कुराएर जवाफ दिन्छ।
छोराको जवाफले अनायास बलवीरलाई आफ्नो पिता सन्तवीरको याद आउँछ।

उति बेला सन्तवीर जिल्लाका नामुद साहु थिए, धन-सम्पत्ति र इज्जतका धनी। श्रीमती बितिसकेकीले एक्लो छोरो बलवीर नै उनको सबै थोक थियो। त्यो बेलामा दुई/तीन बिहे गरिनु कुनै नौलो कुरा थिएन तर छोरालाई अप्ठ्यारो पर्न सक्छ भनेर सन्तवीरले भने दोस्रो बिहे गरेनन्।

एक दिन अचानक सन्तवीर घरको आँगनमा ढले। अस्पताल पुर्याएपछि दीर्घरोग लागेको पत्ता लाग्यो। अब समय धेरै छैन भन्ने डाक्टरले जानकारी गराए।

त्यसपछिका दिनहरू भने सन्तवीरका उस्तै रहेनन्। उनको मनमा मर्छुभन्दा पनि म मरेपछि छोराको के हाल होला भन्ने परिरह्यो। उनले आफू ज्युँदै छँदै छोराको बिहे गराएर नातिको अनुहार हेर्न मात्र पाए पुग्थ्यो भन्ने जीवनको लक्ष्य तय गरे।

'हजुर यत्रो सबै जाने बुझेको भएर पनि छोराको बिहे गर्न नसक्ने कस्तो लाछी!' बलवीरकी आमाले सन्तवीरलाई हेर्दै भनिन्।

'छोराले टेर्दैन। क्यारम म?' सन्तवीरले लामो श्वास तानेर भने।

'छोरो आफ्नै हो क्यारे! फकाउनुस्, मनाउनुस् तर मजस्तै त्यसै टुहुरो छोडेर नआउनुस्। नाति त हेरेर आउनै पर्छ तपाईंले।'

'एकातिर तेरो जिद्दी, अर्कातिर छोराले। क्यार्न खोजेका हौं आमाछोरा मिलेर?'

'हेर्नुस् है धेरै नकराउनुस् मलाई, म गइदिन्छु फेरि।'

कालोतर्फ केही हराउँछ।

'ए बलवीरेकी आमा, ए बलवीरेकी आमा। यी हाम्रो नाति हेर न,' सन्तवीर चिच्याउँछन्।

झल्याँस्स ब्युँझन्छन्। उफ! कस्तो नमिठो सपना।

पटक-पटक सन्तवीरले आफ्नो इच्छा छोरालाई बताए पनि बलवीरले बिहेको कुरा टारिदिन्थ्यो। तर बा झन् बिरामी भइसकेका थिए। हरेक रात बरबराएको देख्न थालेपछि यो दीर्घरोगको भन्दा पनि मनोरोगको उपचार बिहे नै हो भन्ने बुझेकोले बलवीरले बिहेको लागि राजी भयो।

छोराले बिहे गर्छु भनेपछि सन्तवीरको अनुहार नै फेरियो। अब उनी बुहारी खोज्न थाले र चिने जानेका नजिकदेखि टाढाका सबैलाई खोज्न पनि लगाए। 'कस्ती बुहारी खोज्नु भएको हो नि सन्त दाजै?' भन्दा उनी भन्थे, 'नाति-नातिनी दिन सक्ने होस्, बाँकी त म आफैसँग सबै कुरा छँदै छ नि।'

सुब्बाकी छोरी सुनिधि भर्खर स्नातक पढ्न थालेकी अठार वर्षकी थिइन्। बलवीरका काका बिहेको प्रस्ताव लिएर सुब्बाकहाँ गए। सन्तवीर जिल्लाको प्रतिष्ठित साहु भएकाले सुब्बाले यो सम्बन्ध अस्वीकार गर्न सकेनन्।

बाबुको जोर चलेपछि त्यो बेलामा छोरी मान्छेको के जोर चल्थ्यो? केटा र केटी त एकअर्कालाई देखादेख पनि गर्न पाएनन्, बाउहरूको बिचमै बिहेको मिति तोकियो। सुनिधिले बाबुको चाहनामा बिहे गर्न त मन्जुर भई तर उसलाई अझै पढ्ने इच्छा थियो।

सुब्बाले छोरीको मनसाय बुझे पनि सन्तवीरसँगको सम्बन्ध प्रगाढ बनाउन चाहेका हुनाले छोरीलाई जबरजस्ती बिहेको लागि मन्जुर गराए।

बिहेको दिन सन्तवीरले आफन्तदेखि चिने जानेका सबैलाई जन्तीमा बोलाए। आतिथ्यमा कुनै कमी राखेनन्। बिहे यति भव्य भयो कि दुई/चार दिनलाई मानिसहरूलाई चर्चाको विषय बन्यो।

राती बिहेका सबै कार्जे सकाएपछि बलवीर आफ्नो कोठामा छिऱ्यो। सुहागरातको दिन कोठा निकै सजाइएको थियो।

सुनिधि बेहुलीको भेषमा सोही पलङमा बलवीरको प्रतीक्षा गरिरहेकी थिई। उसको मेकअप र कपडाको गन्धले गर्दा कोठामा नारीको उपस्थिति व्याप्त थियो। बलवीर संकोच मान्दै सुनिधि बसिरहेको खाटमा गएर बस्यो। सुनिधि नारी लज्जाको बोध गराउँदै अलिकति पर सरी र सुँक्क सुँक्क आवाज गर्न थाली।

बलवीर बडो दोधारमा पऱ्यो।

'सुन न' बलवीरले सुस्तरी बोलायो।

अघिको सुँक्क-सुँक्क बन्द भएर हिक्क-हिक्कमा परिवर्तन भयो।

'सुनेनौ तिमीले?' फेरि बोलायो।

'सुन्नुस् न, एउटा कुरा भनम्?' निकै बेरको मौनता चिरियो।

बलवीरको हिम्मत थोरै बढ्यो तर अलिकति आशंकासँगै उसले सोध्यो, 'के कुरा भन न?'

'मान्ने भए मात्र भन्छु।'

'हुन्छ, मबाट सम्भव हुने सबै गर्न तयार छु।'

❖ बाँकी तेस्रो पृष्ठमा

# घरजग्गा कारोबारबाट चार अर्ब २५ करोड राजश्व संकलन

झापा(प्रस) । घरजग्गाको कारोबार क्रमशः लयमा फर्किन थालेको पाइएको छ । देशभरको घर जग्गाको कारोबारको विवरण राख्ने भूमि व्यवस्था तथा अभिलेख विभागकाअनुसार गत मंसिर महिनाको तुलनामा गत पुस महिनामा राजश्व सङ्कलनमा वृद्धि भएको छ ।
गत मंसिर महिनामा रु तीन अर्ब ८७ करोड ४८ लाख २६ हजार नौ सय ७६ बराबर सङ्कलन भएकामा पुस मसान्तसम्म रु चार अर्ब २५ करोड २२ लाख २१ हजार सात सय ७९ राजश्व प्राप्त भएको छ ।

विभागका अनुसार सो महिनामा सेवा करबाट रु ३० करोड ४३ लाख ४४ हजार छ सय ६५ सङ्कलन भएको छ । यस्तै, रजिष्ट्रेशन दस्तुरबाट रु दुई अर्ब ६८ करोड ७८ लाख २६ हजार एक सय ४५, पूँजीगत लाभकरबाट रु एक अर्ब ६० करोड ८३ लाख २८ हजार एक सय ७२ प्राप्त भएको छ ।
काठमाडौँ उपत्यकाभित्रका विभिन्न नौ वटा मालपोत कार्यालयमध्ये सबैभन्दा बढी भूमिसुधार तथा मालपोत कार्यालय लगनखेलले राजश्व सङ्कलन गरेको छ ।




सो कार्यालयले रु ४० करोड ९४ लाख ४२ हजार सात सय ३२ राजश्व सङ्कलन गरेको छ । यसबाट ललितपुरमा घरजग्गाको कारोबारमा उल्लेख्य वृद्धि भएको सहजै अनुमान गर्न सकिन्छ ।

यस्तै, मालपोत कार्यालय गोटीखेल ललितपुरले रु दुई लाख ८९ हजार ८४, मालपोत कार्याल भक्तपुरले रु २९ करोड ७६ लाख १३ हजार दुई सय ७१, मालपोत कार्यालय डिल्लीबजारले रु २१ करोड ९० लाख ९९ हजार छ सय ८५ राजश्व सङ्कलन गरेको छ ।
त्यस्तै, विभागका अनुसार, मालपोत कार्यालय चाबहिलले रु २२ करोड ९३ लाख ८० हजार तीन सय ६७, कलङ्की मालपोतले रु २१ करोड ९३ लाख ७१ हजार सात सय ९२, मालपोत कार्याल साङ्खुले रु १० करोड ३२ लाख ५९ हजार छ सय २२, मनमैजुले रु छ करोड ६८ लाख २९ हजार पाँच सय ६१, मालपोत कार्यालय टोखाले रु छ करोड ७७ लाख ३४ हजार छ सय ९७ बराबरको राजश्व सङ्कलन गरेको छ ।

यस्तै, मालपोत कार्यालय विराटनगरले रु १६ करोड ११ लाख तीन हजार चार सय ८१, मालपोत कार्यालय इनरुवा सुनसरीले रु १० करोड ९३ लाख ७४ हजार दुई सय ५७ राजश्व सङ्कलन गरेको छ ।

# प्रचण्डद्वारा ज्येष्ठ नागरिकको सम्मान

झापा(प्रस) । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मोरङको ग्रामथान २ झोराहाट पुगेर ज्येष्ठ नागरिकलाई सम्मान गरेका छन् । उनले १०६ वर्षीय बखतबहादुर कार्की, १०६ वर्षीय पदमप्रसाद पौडेल, ९७ वर्षीय कुलदीप मण्डल, ८२ वर्षीय गंगादेवी लुइँटे र ८० वर्षीय सिछाइ मुसहरलाई सम्मान गरेका हुन् ।

सो क्रममा अध्यक्ष प्रचण्डले ज्येष्ठ नागरिक जीवन्त इतिहास भएकाले उनीहरूबाट समाजका हरेक क्षेत्रले प्रेरणा लिनुपर्ने बताए । आजको पुस्ताले अग्रज पुस्ताबाट अनुभव र प्रेरणा लिने समाजलाई गति दिनुपर्ने उल्लेख गर्दै उनले ज्येष्ठ नागरिकको सम्मान र सुरक्षाका लागि राज्य, समुदाय र परिवार संवेदनशील हुनुपर्ने बताए ।

# विद्यालयमा एक जना हेल्थ एम्बेस्डरको व्यवस्था गर्नुपर्ने




झापा(प्रस) ।विद्यालयमा एक जना हेल्थ एम्बेस्डर (विद्यार्थी स्वास्थ्यदूत)को व्यवस्था गर्नुपर्ने भएको छ । विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका २०८१ ले नियमित पठनपाठनमा असर नपर्ने गरी कक्षा ७ र ८ मा अध्ययनरत एक जना छात्र र एक जना छात्रा सम्बन्धित विद्यालयको हेल्थ एम्बेस्डर तोक्नु पर्ने व्यवस्था गरेको छ । स्वास्थ्य सचिव डा.रोशन पोखेलले विद्यार्थी संख्या पाँच सयसम्ममा दुई जना र सोभन्दा बढी भएमा सोही अनुसार हेल्थ एम्बेस्डर थप गर्न सकिने व्यवस्था गरेको जानकारी दिए ।
सरकारले स्वास्थ्य समस्या समाधान गर्न र विद्यालयका माध्यमबाट अभिभावकलाई स्वास्थ्य सन्देश फैलाउने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि 'एक विद्यालय, एक नर्स कार्यक्रम' सञ्चालन गर्दै आएको छ ।हाल सरकारले सातै प्रदेशबाट एक हजार ३८६ विद्यालयमा यो कार्यक्रम लागू भएको छ । निर्देशिका अनुसार हेल्थ एम्बेस्डरले विद्यालय नर्सलाई सहयोग गर्नुपर्ने छ ।पोखेलका अनुसार विद्यालय नर्सको सहकार्य र समन्वयमा बृहत यौतिकता शिक्षा, पोषण, खोप, किशोर, किशोरीको प्रजनन् स्वास्थ्य तथा स्वास्थ्यसम्बन्धी सामग्रीबारे हेल्थ एम्बेस्डरले विद्यार्थीहरुलाई सूचना प्रवाह गर्नुपर्नेछ । निर्देशिका अनुसार विद्यालय प्रार्थनाको समयमा आवश्यक अनुसार एक मिनेट स्वास्थ्यसम्बन्धी जानकारी दिनुपर्नेछ ।
विद्यालयमा आवश्यक अनुसार हेल्थ क्याम्प आयोजना गर्न सहयोग गर्ने, स्वास्थ्यका विभिन्न विषय र विपद् प्रकोपसम्बन्धी नाटक, प्रदर्शनी र हाजिरी जवाफ जस्ता सचेतना कार्यक्रम नर्ससँग समन्वय गरी सञ्चालन गर्न सहयोग गर्नुपर्नेछ । समन्वयात्मक भूमिका हेल्थ एम्बेस्डरले स्वास्थ्यसम्बन्धी कार्यहरु गर्नका लागी अनिवार्य विद्यालय नर्ससँग समन्वय गर्ने, साथै विद्यार्थीहरु, बाल क्वलब, साथी शिक्षक र शिक्षक, विद्यालय व्यवस्थापन समितिसँग पनि आवश्यक अनुसार समन्वय गर्नुपर्नेछ ।

हेल्थ एम्बेस्डरले आफूलाई रोल मोडेलको रुपमा स्थापना गर्नुपर्ने छ र हरेक कक्षाको एक जना विद्यार्थीलाई साथी शिक्षाद्वारा स्वास्थ्य प्रवर्द्धनसम्बन्धी मेन्टरिङ्ग गरी थप हेल्थ एम्बेस्डर विकास गर्दै लैजानुपर्ने निर्देशिकामा उल्लेख छ । विद्यार्थीका लागी आवश्यक स्वास्थ्यसम्बन्धी सूचना एवम् जानकारी विद्यालय नर्सले हेल्थ एम्बेस्डरलाई अभिमुखीकरण गर्नुपर्नेछ । आवश्यकता अनुसार स्वास्थ्यसम्बन्धी तालिम, गोष्ठी र अभिमुखीकरणमा स्थानीय तहसँग समन्वय गरी हेल्थ एम्बेस्डरलाई सहभागी गराउनुपर्ने निर्देशिकामा उल्लेख गरिएको छ ।

# टिकटक र फेसबुकबाट ठगी




झापा(प्रस) ।वैदेशिक रोजगारीको सिलसिलामा रोमानिया, क्रोएसिया, माल्टालगायतका मुलुकमा कार्यरत नेपालीहरुलाई विभिन्न प्रलोभन देखाई पोल्याण्ड तथा बुल्गेरियामा गैरकानूनी ओसारपसार गरेको खुल्न आएको छ ।
जर्मनीको बर्लिनस्थित नेपाली राजदूतावासले जरुरी सूचना नै जारी गरेर यसबारे जानकारी दिएको हो । दूतावासले सार्वजनिक रुपमा जारी गरेको अति जरुरी सूचनामा सामाजिक सञ्जाल टिकटक, फेसबुकलगायत सामाजिक सञ्जालहरु समेतको प्रयोग गरेर प्रलोभन बाँडिएको तथा झुठा विवरण प्रचार-प्रसार गरेको पाइएको उल्लेख छ ।
दूतावासले नेपालबाट विधिवतरुपमा जुन मुलुकको लागि श्रमस्वीकृति लिएको हो सोही मुलुकमा कार्यरत रहन र यस्ता प्रलोभनमा नपर्न भन्दै सबैमा सार्वजनिक अनुरोधसमेत गरेको छ ।
गैरकानूनी कार्यमा संलग्नहरुलाई सचेत गराउँदै दूतावासले यस्तो कार्यमा संलग्नहरुबारे प्रमाणसहित दूतावासमा उजुरी दिन पीडितहरुलाई सूचनामार्फतै आह्वान गरेको छ ।

# कोशी प्रदेश : बजेट पुनरावलोकन नहुने




झापा(प्रस) ॥ कोशी प्रदेश सरकारले बजेट पुनरावलोकन नगर्ने भएको छ । यसअघि एमाले-कांग्रेस सम्मिलित कोशी प्रदेशको दुई दलीय संयन्त्रले बजेट पुनरावलोकन गर्ने निर्णय गरेको थियो । विपक्षी दलहरूले बजेट पुनरावलोकन गर्ने विषयमा चर्को आलोचना गरेपछि सरकार पछि हटेको हो ।

आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर मगरले सुशासन तथा योजना समितिको बैठकमा बजेट पुनरावलोकन नहुने जानकारी गराएका छन् । बैठकमा मन्त्री मगरले भने, 'बजेट पुनरावलोकन गर्ने आधार तयार नभएको र यसको औचित्य पुष्टि हुने व्यवस्था नरहेको समिति समक्ष जानकारी गराउँछु । कानुन बनेर गएपछि बजेटलाई खण्डित गर्न सक्ने अवस्था नभएकोले बजेट पुनर्विचार वा पुनर्लेखन गर्ने विषय सम्भव छैन ।'
बजेट पास भएपछि छुटेका विषयलाई 'बास्केट फन्ड' बनाएर सरकारले सम्बोधन गर्ने सहमति भए पनि सरकारले ध्यान नदिएको भन्दै बैठकमा सहभागी सांसदहरूले प्रश्न गरेका थिए । प्रदेशसभा सदस्य सांसद कमला थापा मगरले छुटेका विषय सच्याएर जाने सहमति भए पनि सरकारले कामै नगरेको आरोप लगाइन् ।
माओवादी संसदीय दलका नेतासमेत रहेका पूर्वमन्त्री सांसद इन्द्रबहादुर आङ्बोले सरकारले सभामुख समेत राखेर गरेको सहमति कार्यान्वयनमा उदासीन देखिएको आरोप लगाए । उनले राजनीतिक संयन्त्रको नाममा सरकारलाई दिइने निर्देशन मान्य नहुने समेत बताए ।
उनले पूर्व मुख्यमन्त्रीसमेत रहेका एमाले नेता शेरधन राईप्रति लक्षित गर्दै कुनै अमुक व्यक्तिले मुख्यमन्त्री बस्ने कुर्सीमा बसेर बजेट पुनरावलोकन गर्ने भनेकोप्रति असहमति जनाए । बाढीबाट प्रभावित क्षेत्रका बासिन्दाको हितमा सरकार असफल भएको समेत उनले बताए । पुनः निर्माणको काममा सरकार उदासीन भएको उनको आरोप थियो । सांसद मिना श्रेष्ठले लगानी सम्मेलन के कारणले सारियो भन्दै आर्थिक मामिला मन्त्रीसँग जवाफ मागेकी थिइन् ।

## 'बुहारीलाई ...

'मलाई अझै पढ्न मन छ'

बलवीरले सुनिधिका कुरा नसुनेझैं गऱ्यो अनि ऊ नजिक पुगेर उसको ढाकिएको अनुहारलाई हेर्न खोज्यो। सुनिधिको ढुकढुकी बढ्यो। उसले बलवीरलाई बिचमै रोक्न खोजी तर बलवीरका हात रोकिएनन्।

घुम्टो खुल्यो। आँसुले शृङ्गार बिगारेको भए पनि सुनिधि निकै सुन्दर देखिन्थी।

'मेरो कुराको वास्ता गर्नु भएन,' मुहार सबै खुलेपछि सुनिधिले भनी।

'पढ्ने कुरा कसले रोक्छ र? यो पनि सोधिरहने कुरा हो?' बलवीरले आश्वस्त पार्न खोज्यो।

'हाम्रो तत्काल हुनेवाला सन्तानले मेरो पढ्ने रहरलाई पनि त समाप्त गरिदिन्छ। मान्नुहुन्छ भने हामीले सन्तानको योजना केही वर्ष परलाई सारौँ,' सुनिधिले प्रस्ट पार्दै भनी।

अब बलवीर भने ठुलो अप्ठ्यारोमा पऱ्यो। उसको मनमा बालालाई सम्झेर अनेक विचारहरू आउन थाले। यो उमेरमा उसको बिहे हुनुको पछाडि एउटै उद्देश्य थियो- बाको लागि नाति वा नातिनी। तर सुनिधिले सन्तान चाँडै नजन्माउने भन्ने कुरा भनेपछि बलवीर ससुरा र बुहारीको विचारको दोसाँधमा पऱ्यो। अब कसको कुरा मान्ने? कसको नमान्ने?

'सन्तानको योजना अहिले नै नबनाऊँ मात्र भनेकी,' सुनिधिले मायालु स्वरमा जवाफ दिई।

'अनि बालालाई के भन्ने?' बलवीरको मनमा बाप्रतिको चिन्ता तीव्र हुँदै गयो।

'बुहारीबाट सन्तान भएन भनेर भन्नु न,' सुनिधिले जुक्ति निकाल्दै भनी।

'म आफैँ केही उपाय गर्छु,' बलवीरले परिपक्व पुरुषको जवाफ फर्कायो।

सुनिधि मुस्कुराएर डिम्पल देखाउन थाली। बलवीरले निमन्त्रणा पाएको महसुस गऱ्यो। एकछिनमै कोठाको बत्ती निभ्यो।

बलवीर र सुनिधिको बिहे भएको एक वर्ष बित्यो। तर अझै पनि सन्तवीरको नाति हेर्ने इच्छा अधुरै थियो। एक दिन उनले छोरालाई सोधे मेरो नाति हेर्ने इच्छा पूरा हुन्छ कि नाइँ?

पिँढीको गुन्द्रीमा आगामी परीक्षाको तयारी गरिरहेकी सुनिधितर्फ बलवीरले आँखा लगायो।

सन्तवीरले कुरा बुझेझैं गरे।

'तिमीलाई यस्तै रहर थियो भने, पहिल्यै भन्नु पर्थ्यो म अर्की बुहारी खोज्थेँ। तिमीहरूका जोई पोइले मेरो मात्र रहर मारेनौ, स्वर्गवास भएकी यसकी आमाको पनि मन राखेनौ।'

यो पटक सन्तवीर झर्किँदै बोले।

'मर्ने बेला एक्लै छोडेर नआउनु भनेकी थिई। बिहे गरिदिएँ। अब जेसुकै गर तिमीहरू,' उनी मलिन अनुहार लगाउँदै घरभित्र छिरे।
आजकल सन्तवीरको छोरा र बुहारीसँग कुराकानी हुँदैनथ्यो। उनी धेरैजसो कोठामै बस्थे। अरूका आँगनमा केटाकेटी खेलेको देख्दा सन्तवीरको मन झसङ्ग हुन्थ्यो। मनमनै कुँडिन्थे। यत्रो सम्पत्ति भएर पनि केही नभएको जस्तो।

अझ गाउँका बुढाहरू जम्मा भएर आफ्ना नाति-नातिनीका कर्तव्य सुनाउँदा उनी आफैसँग हार्थे। संसार नै शून्य लाग्थ्यो उनलाई। जीवनको उत्तरार्धतिर बलवीरेकी आमाको झन् याद आउन लाग्यो।

एक दिन यसरी उनी पिँढीमा बसेर गमिरहेका थिए। बलवीर खुसी हुँदै आइपुग्यो।

'बा, थाहा पाउनु भयो? हाम्रो सुनिधिले अब्बल नम्बर ल्याएर यो जिल्ला प्रथम भइछिन्,' बलवीर निकै खुसी थियो।

दङ्ग पर्दै सुनिधि भान्छाबाट बाहिर आइपुगिन्। उनलाई यो समाचार सपना जस्तै लाग्यो।

बलवीरले सन्तवीरलाई 'भोलि सुनिधिलाई बाजा बजाएर सम्मान गर्ने कार्यक्रममा तपाईंलाई पनि सम्मान गर्ने भनेका छन् बा' भनेर बतायो। 'तपाईं यो जिल्लाको सबैभन्दा असल ससुरा हुनुहुन्छ' भन्दै थिए।

छोराको कुरा सुनेपछि सन्तवीर मुसुक्क मुस्कुराए। यो हाँसो धेरै दिनपछि देखिएको थियो।

खाना खाइसकेपछि छोरा-बुहारीलाई भान्सामै छोडेर सन्तवीर आफ्नो ओछ्यानमा पल्टिँदै सोच्छन्--

'ओहो! मैले त मेरो स्वार्थमा बसेर यिनीहरूको जीवनको अंश पो खोस्न खोजेछु। आखिर छोरा-बुहारी मिलेका छन्, बुहारीले पढाइमा राम्रो गरिराखेकी छ। हेर त जिल्ला प्रथम बनिछे। बुहारी भएर पनि यत्रो प्रगति कसैले गर्न सकेछन् र यहाँ! मेरो एकोहोरो नातिको जिद्दीले उसको यस्तो राम्रो पढाइ बिगार्न पनि सक्थ्यो। यति सानै उमेरमा बच्चा जन्माउँदा ऊ आफैलाई पनि त केही हुन सक्थ्यो। साइँलाको बुहारीको हालत कस्तो छ हेर त। पेटमा नातिनी थिई रे, कठै! धर्तीमा सास नै फेर्न पाइन। धत्! बुहारीलाई छोरी जस्तै मानेर हेरे भइहाल्यो नि। सन्तानभन्दा पहिलो सन्तान पढाइलाई बनाउँछु भन्ने कुरा कसरी नराम्रो हुन्छ। आज नाति नदिए पनि यत्रो इज्जत दिई। बलबिरेकी आमा मैले बेकारमा मेरो खुसीमा यिनीहरूलाई रमाऊ भनिरहेको रहेछु, अब यिनीहरूको खुसीमा म रमाउँछु। तँ पनि त्यहाँ माथिबाट हामी खुसी भएको हेर्नू।'

'बुहारी, त्यो मेरो दौरा र आस्कोट तयार पार्देऊ है भोलि लगाउनु पऱ्यो नि,' आवाज कोठाबाट भान्सामा पुगेर ठोकिन्छ।


## सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५६५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

**मेष** मनोरञ्जनका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ । मनमा उमङ्ग र उत्साह छाउला ।

**वृष** वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुंजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । विशेष यात्रा पनि हुनसक्छ ।